# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, श्रावण ०१ गते, २०८३ साल (अतिरिक्ताङ्क २०

## भाग २

### कोशी प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

## विराटनगर, नेपालको सूचना

# ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति)को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८३

<u>प्रस्तावनाः</u> नेपाल सरकार र एशियाली विकास बैंक बिच सम्पन्न ऋण सम्झौता, एशियाली विकास बैंकको सामाजिक सुरक्षण नीति, २००९, परियोजना प्रशासन पुस्तिका (पि.ए.एम.), सामुदायिक सहभागिता तथा पुनर्वास योजना (सि.पि.आर.पि.), प्रदेश सार्वजनिक सडक ऐन, २०७७ बमोजिम कोशी प्रदेशभित्र सञ्चालित ग्रामीण सडक सञ्जाल सुधार आयोजना (अतिरिक्त लगानी) अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिको क्रममा निजी तथा सार्वजनिक जग्गामा रहेका घर, टहरा तथा अन्य भौतिक सम्पत्तिमा प्रत्यक्ष रुपमा प्रभावित व्यक्तिहरूलाई प्रतिस्थापन मूल्यका आधारमा न्यायोचित, पारदर्शी र समयमै क्षतिपूर्ति प्रदान गर्न आयोजना समन्वय इकाईद्वारा "ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति)को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८२" जारी भएको र सो निर्देशिकाले प्रदेश सरकारले निर्देशिका जारी गरी कार्यान्वयन गर्न निर्देशित गरेकाले ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

उक्त निर्देशिकाको व्यवस्था अनुरुप कोशी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले

प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति)को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ भई आयोजना सञ्चालन अवधिभर लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोजना" भन्नाले ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीलाई सम्झनु पर्छ।

(ख) "आयोजना समन्वय इकाई (पि.सि.यू.)" भन्नाले नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग अन्तर्गतको केन्द्रीय आयोजना समन्वय इकाईलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयन इकाई (पि.आई.यु.) लाई सम्झनु पर्छ।

(घ) "परियोजना प्रशासन पुस्तिका (पि.ए.एम.)" भन्नाले आयोजनाको प्रोजेक्ट एडमिनिस्ट्रेसन म्यानुअल सम्झनु पर्छ।

(ङ) "प्रतिस्थापन मूल्य (रिप्लेस्मेन्ट भ्यालु)" भन्नाले प्रभावित संरचनालाई समान प्रकृतिको संरचनाले प्रतिस्थापन गर्दा लाग्ने सम्पूर्ण लागतलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(च) "प्रभावित व्यक्ति" भन्नाले प्रभावित संरचनाको धनी वा हकवालालाई सम्झनु पर्छ।

(छ) प्रभावित संरचना" भन्नाले आयोजना कार्यान्वयनका क्रममा हटाउन वा स्थानान्तरण गर्नुपर्ने घर, टहरा, भवन तथा अन्य भौतिक सम्पत्तिलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले कोशी प्रदेश सरकारको सडक पूर्वाधार निर्माण सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) "मूल्याङ्कन कार्यदल" भन्नाले दफा ४ बमोजिमको मूल्याङ्कन कार्यदल सम्झनु पर्छ।

३. <u>निर्देशिका पालना तथा कार्यान्वयनः</u> (१) कार्यालयले सडक निर्माण तथा स्तरोन्नतिको क्रममा निजी तथा सार्वजनिक जग्गामा रहेका प्रभावित संरचनामा प्रत्यक्ष रुपमा प्रभावित व्यक्तिहरूलाई प्रतिस्थापन मूल्यका आधारमा क्षतिपूर्ति प्रदान गर्न आयोजना समन्वय इकाईद्वारा जारी भएको अनुसूची-१ मा राखिएको "ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८२" मा भएका व्यवस्थाहरू पालना गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका यसै निर्देशिकाको अभिन्न अङ्गको रुपमा रहनेछ।

(३) यो निर्देशिकाको व्यवस्था "ग्रामीन सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८२" का व्यवस्था प्रतिकूल हुने गरी बाझिएमा सो हदसम्म सोही निर्देशिकाको व्यवस्था बमोजिम हुनेछ।

४. <u>मूल्याङ्कन कार्यदल गठनः</u> (१) "ग्रामीन सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति)को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८२" अधीनमा रही आयोजनाबाट प्रभावित संरचनाको क्षतिपूर्ति निर्धारण गर्न देहाय अनुसारको मूल्याङ्कन कार्यदल रहनेछः-

(क) सम्बन्धित कार्यालय प्रमुख -संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(ग) मन्त्रालयले तोकेको इन्जिनियर -सदस्य

(घ) मन्त्रालयले तोकेको इन्जिनियर -सदस्य

(ङ) वरिष्ठ आवासीय इन्जिनियर (एस्.आर.ई.) -सदस्य

(च) परियोजना कार्यान्वयन सहयोग परामर्शदाताको सामाजिक सुरक्षा तथा लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण

सहायक (जि.ई.एस.आई. एशोसियट) -सदस्य

(छ) कार्यालयको समाजशास्त्री -सदस्य सचिव

(२) उपदफा (१) को कार्यदलले आवश्यकता अनुसार विज्ञलाई सदस्य आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) मूल्याङकन विधि निर्धारण गर्ने,

(ख) प्रभावित संरचनाको स्थलगत निरीक्षण गरी विवरण संकलन गर्ने,

(ग) प्रभावित व्यक्तिहरुसँग छलफल अन्तरक्रिया गर्ने,

(घ) प्रतिस्थापन मूल्य निर्धारण गर्ने,

(ङ) क्षतिपूर्ति रकम सम्बन्धी प्रतिवेदन तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने।

(४) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा नेपाल सरकार र एशियाली विकास बैंक बिच सम्पन्न ऋण सम्झौता, एशियाली विकास बैंकको "सुरक्षा नीति २००९" र परियोजना प्रशासन पुस्तिका (पि.ए.एम.) लाई आधार मान्नु पर्नेछ।

५. <u>प्रतिस्थापन मूल्य निर्धारणका आधार</u>: (१) मूल्याङ्कन कार्यदलले देहाय बमोजिमका आधारमा प्रतिस्थापन मूल्य निर्धारण गर्नेछ:-

(क) संरचनाको नाप, प्रकार, प्रयोगको अवस्था,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) प्रचलित बजार भाउ,

(ग) कारोबार लागत,

(घ) ब्याज,

(ङ) पुनर्स्थापना लागत,

(च) अन्य भुक्तानीहरु,

(छ) जिल्ला दररेट।

(२) उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्दा क्षतिपूर्ति निर्धारण सम्बन्धी नेपाल सरकार वा प्रदेश सरकारका अन्य कार्यविधि तथा निर्देशिकालाई समेत आधार मानी निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्य निर्धारण गर्दा प्रचलित कानूनका व्यवस्था समेत पालना गर्नु पर्नेछ।

६. <u>क्षतिपूर्ति रकमको भुक्तानी</u>: (१) कार्यालयले क्षतिपूर्ति रकम निर्धारण भएको जानकारी कार्यालय वा मन्त्रालयको वेबसाईट वा सम्बन्धित स्थानीय तहमार्फत प्रभावित व्यक्तिहरूलाई जानकारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका प्रभावित व्यक्तिहरुले क्षतिपूर्ति रकम भुक्तानी लिनका लागि देहाय बमोजिमका कागजात संलग्न गरी कार्यालयमा निवेदन दिनुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) सम्बन्धित वडाको सिफारिस,

(ग) बैंक खाता नम्बर,

(घ) हकवालाको हकमा नाता प्रमाणित,

(ङ) अन्य आवश्यक कागजातहरू।

(३) कार्यालयले उपदफा (१) अनुसारको क्षतिपूर्ति रकम कार्यालय मार्फत सम्बन्धित व्यक्तिको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ।

(४) कार्यालयले उपदफा (१) अनुसारको क्षतिपूर्ति रकमको भुक्तानी सम्बन्धी लेखा तथा लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ र सो को अभिलेख कार्यालयले राख्नेछ।

७. <u>गुनासो सुनुवाई तथा कार्यान्वयन</u>ः (१) मूल्याङ्कन कार्यदलले निर्धारण गरेको क्षतिपूर्ति रकममा चित्त नबुझेमा प्रभावित व्यक्तिले परियोजना प्रशासन पुस्तिका (पि.ए.एम.) मा व्यवस्था भए बमोजिमको गठित गुनासो सुनुवाई समितिमा निवेदन दिनसक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासो कार्यालयले सुनुवाई गरी समाधान गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम गुनासो सामाधान नभएमा आयोजना समन्वय इकाई (पि.सि.यु) ले गुनासो सुनुवाई गरी समाधान गर्नुपर्नेछ।

८. <u>अन्य व्यवस्था</u>ः (१) यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा परेमा कार्यालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) "ग्रामीन सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) को क्षतिपूर्ति निर्धारण तथा वितरण

निर्देशिका, २०८२" खारेज भएमा सोही निर्देशिकाका आधारमा निर्देशन भए बमोजिम हुनेछ।

(३) आयोजनाको बजेट तथा खर्च सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(४) ग्रामीन सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८२" बमोजिम भए गरेका काम कारबाही सोही अनुसार भए गरेका मानी यस निर्देशिकाको समेत पालना गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

# ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावित संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) को क्षतिपूर्ति निर्धारण तथा वितरण कार्यको लागि तयार गरिएको क्षतिपूर्ति मूल्याङ्कन निर्देशिका, २०८२

आयोजना समन्वय इकाई (PCU)

ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानी

२०८२


आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## आयोजना परिचय


ग्रामीण सडक सञ्जाल सुधार आयोजना—अतिरिक्त लगानी (Rural Connectivity Improvement Project-Additional Financing (RCIP AF) एसियाली बिकास बैंकको ऋण सहयोग र नेपाल सरकारको संयुक्त लगानीमा नेपालको ५ प्रदेशहरुः कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेश गरी जम्मा ३२४ कि.मी. सडकको स्तरोन्नति गर्ने उद्देश्यका साथ शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार बिकास बिभाग अन्तर्गत आयोजना समन्वय इकाई (PCU) र ५ वटै प्रदेश स्थित आयोजना कार्यान्वयन इकाई (PIU) मार्फत सडक उप-आयोजनाहरुको निर्माण कार्य अगाडि बढाउने लक्ष्य साथ आयोजना कार्यान्यनमा रहेको छ।

यस आयोजनामा शहरी विकास मन्त्रालय कार्यकारी निकायको रुपमा कार्य गर्ने र स्थानीय पूर्वाधार विकास विभाग अन्तर्गत स्थापित आयोजना समन्वय इकाई (PCU) ले केन्द्रीय स्तरको आयोजना कार्यान्वयन सहयोग परामर्शदाता (PISC) को सहयोगमा पाँचवटा प्रदेश स्थित भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको आयोजना कार्यान्वयन इकाई (PIU) को संलग्नतामा आयोजना अनुगमन, मूल्याङ्कन तथा कार्यान्वयन गर्ने छ । आयोजना कार्यान्वयन इकाई (PIU) को सहयोगको लागि प्रदेश स्तरमा वरिष्ठ आवासीय इन्जिनियर (SRE) को नेतृत्वमा प्रदेश स्तरको

परामर्शदाता रहने ब्यवस्था मिलाइएको छ। प्रदेश स्तरको आयोजना कार्यान्वयन इकाई सम्बन्धित प्रदेशको मन्त्रालय मातहतमा रहने छन्। यसरी समग्रमा हेर्दा शहरी विकास मन्त्रालयले कार्यकारी निकायको रुपमा कार्य गर्ने र ५ वटै प्रदेश स्थित भौतिक पूर्वाधार विकास सम्बद्ध मन्त्रालयहरूले आयोजना कार्यान्वयन गर्ने ब्यवस्था रहेको छ।



**आयोजनाको सुरक्षण कार्यान्वयन सांगठानिक संरचना (Safeguard Implementation Arrangement Chart)**



## आयोजनाको नीति

ग्रामीण सडक सञ्जाल सुधार आयोजना सञ्चालन गर्दा जग्गा, घर, टहरा, तथा अन्य संरचना प्रभावित भएमा नेपाल सरकार र विकास साझेदार ADB बिच मिति ३१ अक्टोबर २०२३ मा भएको ऋण सम्झौताको **schedule-४ को बुँदा १० र ११** मा जग्गा प्राप्ति तथा अस्वेच्छिक पुनर्वास कार्यक्रम अन्तर्गत आयोजनाहरुलाई आवश्यक पर्ने जग्गा तथा संरचनाहरुको क्षतिपूर्ति Community Participation and Resettlement Plan (CPRP ) अनुसार प्रभावित व्यक्तिहरुलाई क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गरेको छ ।

ऋण सम्झौताको अभिन्न अंगको रुपमा रहेको Project Administration Manual **(PAM)** को **Section-III** को Project Implementation Organization Role and Responsibilities अन्तर्गत प्रदेश मन्त्रालयहरूले ऋणका शर्तहरु परिपालना गर्ने गराउने तथा CPRP को कार्यान्यनमा सहजीकरण गरी प्रभावकारी बनाउने भनी उल्लेख भएको हुँदा स्वेच्छिक जग्गा प्राप्ति गर्ने तथा सडकमा परेका संरचनाहरु हटाई सडक स्तरोन्नतिमा सहजीकरण प्रदेश मन्त्रालय मार्फत गर्नु पर्ने प्राबधान रहेको छ। त्यसैगरी **Project Administration Manual** को Section- III, Safeguard को B Social Safeguard अन्तर्गत **Para – ७२,** Involuntary Resettlement Category “B” अन्तर्गत रहेको छ। सडकलाई आवश्यक पर्ने थप जग्गा प्राप्त गर्ने सम्बन्धमा ADB र RCIP-AF अन्तर्गत PCU बिच समन्वय र सहकार्यमा सडकहरूको DPR तयार

गर्दै प्रभावित जग्गा धनीसँग स्वैच्छिक जग्गा दान दिन मन्जुर गरी दुवै पक्षवाट समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भैसकेको छ। ADB को सामाजिक सुरक्षणको Category-B अन्तर्गत जग्गामा रहेका वा प्रभावित संरचनाहरूको क्षतिपूर्ति उपलव्ध गराएर मात्र सडक निर्माण क्षेत्रबाट हटाउन मिल्ने प्रावधान रहेको छ। यसरी संरचना हटाउन पूर्व सो संरचनाको प्रतिस्थापन मूल्य (Replacement Value ) निर्धारण गरी क्षतिपूर्ति उपलब्ध गराए पछि मात्रै संरचना भत्काउन पाइने व्यवस्था छ। साथै आयोजनाले तयार पारेको सामुदायिक सहभागिता तथा पुनर्वास योजनाको CPRP (Community Participation and Resettlement Plan ) को उदेश्य प्रभावित परिवार को हित सुरक्षित गर्नका लागि नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरू सुनिश्चित गर्नु साथै प्रभावित परिवारको जीविकोपार्जनको अवस्था पूर्व आयोजना अवस्थाको स्तरमा कायम राख्नु हो। आयोजनाले तयार पारेको सामुदायिक सहभागिता तथा पुनर्वास योजना CPRP (Community Participation and Resettlement Plan) को Mitigation and Entitlement Matrix मा आयोजनाले बिभिन्न नकारात्मक प्रभाव न्यूनीकरण उपायहरूको ब्यवस्था गरेको र Entitlement Matrix ले निम्न प्रकारका क्षतिहरूको न्यूनीकरण साथै प्रभावित परिवारले पाउने क्षतिपूर्ति तथा अन्य सेवा सुबिधा आदिको उल्लेख गरिएको छ:

- जमिनको क्षति

- संरचनाको क्षति
- जीविकोपार्जनको क्षति
- रुख, इनार, पोखरी जस्ता सम्पत्तिको क्षति
- इनार, पोखरी, चरन क्षेत्र आदि सामुदायिक स्वामित्वका सम्पत्तिको क्षति

यस सम्बन्धमा आयोजनाको PAM मा प्रभावित संरचना को क्षतिपूर्ति उपलब्ध गराउन प्रदेश सरकारले नियमावली बनाई उपलब्ध गराउनु पर्ने, वा आयोजना समन्वय इकाई (PCU) ले आवश्यक निर्देशिका बनाई आयोजना कार्यान्वयनमा सहजीकरण गरिने व्यवस्था भए अनुसार यो निर्देशिका तयार गरिएको हो ।

**प्रभावित संरचना तथा अन्य भौतिक सम्पत्तिको मूल्याङ्कनको आधार**

यस आयोजनाले ५ प्रदेशका २४ जिल्लाहरूमा सडक स्तरोन्नति तथा सुधार गर्ने कार्य गरिरहेको छ। साथै सडक निर्माणबाट प्रभावित घर, संरचना तथा अन्य भौतिक सम्पत्तिको मूल्याङ्कनको कार्य ५ प्रदेशको २४ वटा जिल्लामा गर्नु पर्ने भएकाले हालको मितिसम्म बागमती प्रदेश सरकारले मात्र सडक क्षेत्रको निजी जग्गामा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७९ कानुनी रुपमा नै निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यस निर्देशिकाले पनि यसै बागमती प्रदेशको सडक क्षेत्रमा पर्ने घर, टहरो वा भवनको क्षतिपूर्ति निर्धारण कार्यविधिका विभिन्न परिच्छेद तथा अनुसूचीलाई आधारको रुपमा लिएको छ। ADB को SPS

२००९ को **Appendix- २ को Para- १०** मा **निजी तथा सार्वजनिक जमिनमा** निर्माण भएका प्रभावित संरचनाको क्षतिपूर्ति दिँदा उक्त संरचनाको निर्माण वर्ष अनुसार ह्रासकट्टी (depreciation) नगरी प्रतिस्थापन मुल्य (Replacement value) दिइने कुराको सुनिश्चितता गरिएको छ।

नेपाल सरकार र विकास साझेदार ADB बिच मिति ३१ अक्टोबर २०२३ मा भएको ऋण सम्झौताको **schedule-४ को बुँदा १० र ११** मा जग्गा प्राप्ति तथा अस्वेच्छिक पुनर्वास कार्यक्रम अन्तर्गत आयोजनाहरूलाई आवश्यक पर्ने जग्गा तथा संरचनाहरूको क्षतिपूर्ति Community Participation and Resettlement Plan (CPRP ) अनुसार प्रभावित व्यक्तिहरुलाई क्षतिपूर्ति दिनु पर्ने व्यवस्था गरेको छ । साथै सामुदायिका सहभागिता तथा पुनर्वास योजनाको CPRP (Community Participation and Resettlement Plan) को Mitigation and Entitlement Matrix मा **निजी तथा सार्वजनिक जमिनमा** निर्माण भएका प्रभावित संरचनाको क्षतिपूर्ति दिँदा उक्त संरचनाको निर्माण वर्ष अनुसार ह्रासकट्टी (depreciation) नगरी प्रतिस्थापन मूल्य (Replacement value) दिइने कुराको सुनिश्चितता गरिएको हुँदा यस निर्देशिकामा सो समेत समावेश गरिएको छ। यस आयोजना अन्तर्गत प्रभावित संरचना तथा अन्य भौतिक सम्पत्तिको मूल्याङ्कनका लागि तपसिल बमोजिमका ऐन, नीति (Policy), निर्देशिका (Directive ) लाई आधारको रुपमा लिइएको छ।

(क) बागमती प्रदेश द्वारा निर्मित क्षतिपूर्ति निर्धारण कार्यविधि, २०७९ को परिच्छेद २ को उपदफा (१) र (२)बमोजिम तथा उपदफा (३) बमोजिम क्षतिपूर्ति मूल्याङ्कन गर्नको लागि यातायात पूर्वाधार निर्देशनालय तथा निर्देशनालय मातहतका पूर्वाधार विकास कार्यालयले एक कार्यदल गठन गर्नेछ। यस्तो कार्यदलमा सम्बन्धित स्थानीय तहको प्राविधिक प्रतिनिधि आमन्त्रण गर्न सक्ने व्यवस्था उपदफा (३) मा गरिएको छ। साथै दफा ४ को उपदफा ३ बमोजिमको कार्यदलले तयार गरेको क्षतिपूर्ति बापत रकम पूर्वाधार निर्देशनालयमा पेस गरी अन्तिम स्वीकृति लिनु पर्ने व्यवस्था रहेको छ।

(ख) सार्वजनिक सडक ऐन, २०३१ को दफा १८ को उप दफा (४) र (१) मा उल्लेख गरे बमोजिम सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडक पट्टि निस्कने गरी राखिएको, जोडिएको कुनै चिज बस्तु वा ढोका वा रुखको हाँगा वा लहरा तारले सडक अबरोध हुन गएको छ भन्ने ठहरेमा, त्यस्तो अबरोधलाई हटाउन वा अबरोध नहुने गरी मिलाई राख्न, त्यस्ता संरचना हटाउन पर्ने भएमा सो संरचना हटाउँदा हुने क्षति वाफतको क्षतिपूर्ति रकम सडक विभाग वा प्रदेश सरकारले सम्बन्धित गाउँपालिका वा

नगरपालिकाका सम्बन्धित वडा सदस्यको उपस्थितिमा निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार - यसै उपदफाको (४) मा सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा स्थानीय तहले समन्वय र सहजीकरण गर्न सक्ने व्यवस्था रहेको छ।

(घ)ग्रामीण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानी विकास साझेदार निकायको आर्थिक सहयोगबाट सञ्चालित भएको हुनाले एसियाली विकास बैंकको सामाजिक सुरक्षण नीति, २००९ तथा यसै आयोजनाको लागि तयार गरिएको सामुदायिक सहभागिता तथा पुनर्वास योजना **CPRP** को **Mitigation Measures and Entitlement Matrix** बमोजिम प्रभावित भौतिक सम्पत्तिहरूको प्रतिस्थापन मूल्य सरहको क्षतिपूर्ति दिनुपर्ने र सो रकममा ह्रासकट्टी नहुने ब्यवस्था गरेको छ।

RCIP -AF अन्तर्गत सडक निर्माणका क्रममा निजी तथा सार्वजनिक संरचना हटाउनु पर्दा सो संरचनाको क्षतिपूर्ति सम्बन्धमा प्रदेश कानून/नियमावली/निर्देशिका भए सो बमोजिम हुने छ। सो उपलब्ध नभएमा RCIP -AF आयोजनाको ऋण सम्झौता अनुसार कुनैपनि संरचना सडक क्षेत्रबाट

हटाउनका लागि प्रतिस्थापन मूल्य बराबर तयार गरेको क्षतिपूर्ति निर्धारण गरी मात्र प्रभावित संरचना विस्थापित गर्ने प्राबधान रहेको छ। PAM को Para ८० मा उल्लेख गरे अनुसार प्रभावित संरचनाको क्षतिपूर्ति निर्धारण गर्दा क्षतिपूर्ति निर्धारण समिति मार्फत वा प्रभावित परिवारसँग गरिएको मूल्य निर्धारण सम्झौता (Negotiated Settlements SPS २००९ requirement २ para २५) भनिएता पनि बागमती प्रदेश सरकारले स्वीकृति गरेको मूल्य निर्धारण कार्यविधिको अनुसूची १ र २ मा उल्लेख गरे अनुसार अन्य आयोजना कार्यान्वयन भैरहेका प्रदेश सरकारले पनि सोहि बमोजिम क्षतिपूर्ति निर्धारण गरिनेछ ।

<u>प्रभावित घर, टहरो तथा अन्य संरचनाको मूल्याङ्कन गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्ने हुन्छ-</u>

सामाजिक सुरक्षण नीति, २००९, Project Administration Manual, सामुदायिक सहभागिता तथा पुनर्वास योजना (CPRP) को Mitigation and Entitlement Matrix र नेपाल सरकार तथा एसियाली विकास बैंकबीच भएको ऋण सम्झौता अनुसार निम्न कुराहरुलाई समावेश गर्नु पर्ने हुन्छ।

१. नेपाल सरकार र विकास साझेदार ADB बिच मिति ३१ अक्टोबर २०२३ मा भएको ऋण सम्झौताको **schedule-४** को बुँदा १० र ११ मा जग्गा प्राप्ति तथा अस्वेच्छिक

पुनर्वास कार्यक्रम अन्तर्गत आयोजनाहरुलाई आवश्यक पर्ने जग्गा तथा संरचनाहरुको क्षतिपूर्ति Community Participation and Resettlement Plan (CPRP ) को Mitigation and Entitlement Matrix अनुसार प्रभावित व्यक्तिहरुलाई क्षतिपूर्ति दिनु पर्ने व्यवस्था लाई मुख्य मार्ग निर्देशकको रुपमा लिइनेछ।

२. एसियाली बिकास बैंकको सामाजिक सुरक्षण नीति २००९ र CPRP को Mitigation and Entitlement Matrix मा **निजी तथा सार्वजनिक जमिनमा** निर्माण भएका प्रभावित संरचनाको क्षतिपूर्ति दिंदा उक्त संरचनाको निर्माण वर्ष अनुसार ह्रासकट्टी (depreciation) नगरी प्रतिस्थापन मुल्य (Replacement value) दिइने कुरा लाई मुख्य मार्ग निर्देशकको रुपमा लिइने छ।

३. प्रभावित संरचनाको मूल्याङ्कन गर्दा प्रतिस्थापन मूल्य (Replacement value) अनुसारको क्षतिपूर्ति दिइने छ।

४. क्षतिपूर्ति निर्धारण गर्दा ह्रासकट्टी (Depreciation ) गरिने छैन।

५. क्षतिपूर्ति दिइसके पश्चात मात्र घर, तथा अन्य संरचना सार्न सकिने छ। घर, टहरा तथा अन्य संरचना सार्नु पूर्व सम्पूर्ण क्षतिपूर्ति रकम बितरण भइसकेको हुनु पर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

६. प्रभावित परिवारसँग आबस्यक छलफल तथा परामर्शवाट मात्र घरको क्षतिपूर्ति मूल्याङ्कन तथा स्थानान्तरण कार्य गर्न सकिनेछ ।

७. प्रभावित घरको स्थानान्तरण गरेपश्चात बाँकी जग्गा पर्याप्त हुने कुराको आयोजनाबाट सुनिश्चितता हुनु पर्नेछ। यदि बाँकी जग्गामा ब्यक्तिको संरचना बन्न नसक्ने अबस्था भएमा आयोजनाले प्रतिस्थापन मूल्य बराबरको क्षतिपूर्ति रकम दिनु पर्ने प्राबधान रहेको छ ।

**घर, टहरो, भवन, अन्य संरचना तथा अन्य भौतिक सम्पत्तिको मूल्याङ्कन कार्यदल**

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, एसियाली विकास बैंकको Loan Covenant, PAM, सम्बन्धित ऐन, नीति तथा निर्देशिकामा उल्लेख गरिएका बुँदाहरुलाई ध्यानमा राखी आयोजनाबाट प्रभावित विभिन्न घर, टहरा, भवन, अन्य संरचना तथा अन्य भौतिक सम्पतिको प्रतिस्थापन मूल्य बराबर रकम (क्षतिपूर्ति) मूल्याङ्कन गर्न एक आधिकारिक कार्यदल मार्फत निर्धारण गर्न यस आयोजनामा निम्नानुसारको कार्यदल रहनेछ।

१ आयोजना कार्यान्वयन इकाई (PIU) प्रमुख - संयोजक
२ सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य
३ प्रदेश सरकार बाट तोकिएको ईन्जिनियर - सदस्य

४ सहायक आवासीय इन्जिनियर (ARE) - सदस्य (परामर्शदाता)

५ सम्बन्धित प्रदेशको PISC को Social Safeguard / GESI Associate - सदस्य सचिव

कार्यदलमा प्रदेश निर्देशनालय, पूर्वाधार विकाससँग सम्बद्ध निकाय वा सम्बन्धित स्थानीय तहका प्राविधिकलाई पनि आमन्त्रित सदस्यमा बोलाउन सकिनेछ।

<u>प्रतिस्थापन मूल्य निर्धारण गर्दा निम्न कुरालाई आधार मान्नु पर्ने छ :-</u>

माथि उल्लिखित कार्यदलले प्रतिस्थापन मूल्य निर्धारण गर्दा संरचनाको नाप, प्रकार, प्रयोगको अवस्था, (क) प्रचलित बजार भाउ (ख) कारोबार लागत (Transaction cost) (ग) ब्याज (Interest increased) (घ) पुनस्थापना लागत (transitional and restoration cost) (ङ) अन्य भुक्तानीहरू (other Applicable payments) तथा अन्य क्षतिपूर्ति निर्धारण सम्बन्धी नेपाल सरकारका वा अन्य प्रदेश सरकारका कार्यविधि तथा निर्देशिकालाई आधार मानी गर्न सक्ने छ।

<u>भुक्तानीको समयावधि, गुनासो सुनुवाई तथा कार्यान्वयन</u>

सम्बन्धित आयोजना कार्यान्वयन इकाईहरूले क्षतिपूर्ति रकम निर्धारण भएको जानकारी सार्वजनिक संचार माध्यम वा सम्बन्धित पालिका मार्फत प्रभावित व्यक्तिहरूलाई जानकारी गर्नु पर्नेछ र सो क्षतिपूर्ति रकमको भुक्तानी यथासक्य समयमा आयोजना कार्यान्वयन इकाईहरू

मार्फत हुनेछ। क्षतिपूर्ति बापतको रकममा चित्त नबुझेको अवस्थामा सम्बन्धित संरचना धनीले आयोजनाको PAM मा व्यवस्था भए बमोजिमको गठित गुनासो सुनुवाई समितिहरूमा निबेदन दिन सक्नेछन् र सो निबेदन माथि आयोजना कार्यान्वयन इकाई (PIU) तथा आयोजना समन्वय इकाई (PCU) ले सुनुवाई गरी गुनासोको समाधान गर्नु पर्नेछ ।

स्वीकृत मितिः २०८३।०४।०१
प्रकाशन मितिः २०८३।०४।२१

आज्ञाले,
मिलन आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**